नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

आज मिति २०७८/०३/०९ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) मा प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैंहे ज्यूको अध्यक्षतामा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ को दफा १७ बमोजिमको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार विषयसूचीमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

आमन्त्रित उपस्थितिः-

| | | |
|---|---|---|
| श्री राजकुमार शर्मा | प्रमुख | जि.स.स. रुकुम (पश्चिम) |
| श्री देविलाल गौतम | नगर प्रमुख | मुसिकोट नगरपालिका रुकुम (पश्चिम) |

उपस्थितिः-

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैंहे | प्र.जि.अ./अध्यक्ष | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम ) |
| श्री प्रदर्शनी कुमारी | जि.स.अ./सदस्य | जि.स.स. रुकुम (पश्चिम) |
| श्री गोविन्द भुजेल | प्रमुख सेनानी/सदस्य | नरसिंह दल गण सल्ले |
| श्री ध्रुव कुमार श्रेष्ठ | प्र.ना.उ./सदस्य | जि.प्र.का. रुकुम (पश्चिम ) |
| श्री प्रेम सिंह धामी | स.प्र.ना.उ./ सदस्य | स.प्र.बल नं.४७ गुल्म रुकुम (पश्चिम ) |
| श्री पवन जोशी | प्र.अ.अ./सदस्य | रा.अ.जि.का. रुकुम (पश्चिम ) |
| श्री डा. राजकुमार भुजेल | नि.प्रमुख/सदस्य | स्वा.से.का. रुकुम (पश्चिम ) |

अन्य उपस्थितिः-

| | | |
|---|---|---|
| श्री नरहरी तिवारी | प्र.प.अ. | मु.न.पा. रुकुम (पश्चिम ) |
| श्री प्रमेश शिवा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम ) |
| श्री पल बहादुर खड्का | संयोजक | उद्योग वाणिज्य संघ, शाखा कार्यालय, रुकुम (प) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

मिति २०७८।०३।०९ गतेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) बैठकका

एजेण्डाहरु:

१. समीक्षा।

२. आदेश जारी गर्ने सम्बन्धमा।

३. विविध।

निर्णयहरु:

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को दोस्रो लहर पश्चात यस जिल्लामा हालसम्म ६४०० जनाको परीक्षण गर्दा २२८२ जना संक्रमित भएकोमा २८ जनाको मृत्यु भएको, १२ जना जिल्ला तथा स्थानीय तहका अस्पतालहरुमा उपचाररत रहेको, १२६ जना होम आइसोलेशनमा रहेको र २०४९ जना उपचार पश्चात निको भएको, हाल जिल्लामा १३८ जना सक्रिय संक्रमित रहेको देखिन्छ।समग्रमा जिल्लामा संक्रमणको दर क्रमशः घट्दै गएको देखिएतापनि जिल्लाका ग्रामिण क्षेत्रमा अझै संक्रमणको दर तुलनात्मक रुपमा उच्च नै देखिन्छ। कोभिड- १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम जारी आदेश मिति २०७८।०३।१० गते राती १२:०० बजेसम्म कायम रहेको छ। उपचार व्यवस्थापनका लागि जिल्लाका विभिन्न अस्पतालहरुमा क्षमता विस्तार, अक्सिजन व्यवस्थापन लगायत अन्य पूर्वाधार निर्माणका कार्यहरु गरिएको छ।संक्रमणलाई पूर्ण रुपमा नियन्त्रण गर्नका लागि हाल भइरहेका प्रयासहरुलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिन्छ।

२. जिल्लामा कोभिड-१९ को संक्रमण दरमा केही कमी आएको भएता पनि ग्रामिण क्षेत्रमा संक्रमण दर उच्च नै रहेको, मृत्युको जोखिम कायमै रहेको तथा बढि संक्रामक र जोखिमयुक्त नयाँ भेरियन्ट फैलिन सक्ने सम्भावना समेत रहेको हुँदा संक्रमणलाई थप फैलिन नदिनका लागि स्थानीय प्रशासनद्वारा जारी आदेशलाई केही परिमार्जन गर्दै कोभिड- १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०३।१० गते राती १२:०० बजेदेखि मिति २०७८।०३।१७ गते राती १२:०० बजेसम्मका लागि देहायबमोजिमको आदेश जारी गर्न सिफारिस गर्ने:

(क) सर्वसाधारणको आवतजावत तथा सतर्कता सम्बन्धमा

- औषधी, खाद्यवस्तु तथा अत्यावश्यक उपभोग्य वस्तु खरिद गर्न वा यस आदेश बमोजिम सञ्चालन हुने अन्य सेवा लिन परेमा वा आफ्नै खेतबारीमा कृषि कार्य गर्नुपरेमा बाहेक घर बाहिर ननिस्कने।
- दुई व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने।
- अनिवार्य रुपले मास्कको प्रयोग गर्ने।पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकम (पश्चिम)

- विदेश, जिल्ला बाहिर तथा संक्रमित क्षेत्रबाट आउने व्यक्तिहरु इमान्दारिताका साथ कम्तिमा १० दिन होम क्वारेन्टीनमा बस्ने। संक्रमित व्यक्तिहरु निको नहुँदासम्म होम आइशोलेसन वा संस्थागत आइशोलेसनमा बस्ने।

(ख) सभा सम्मेलन, सामाजिक तथा धार्मिक कार्य सम्बन्धमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, भौतिक उपस्थितिमा हुने सिकाईका क्रियाकलापहरु, पुस्तकालय, संग्राहलय, मनोरन्जन स्थल, समूहमा खेलिने सबै प्रकारका खेलकुद आदि सञ्चालन गर्न नपाइने।
- खुला स्थानमा मानिसहरु जम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न/ गराउन नपाइने।
- विवाह व्रतबन्धको कार्यक्रम गर्दा बढीमा १० जनासम्म (दुलाहा दुलही दुवै पक्ष गरी) स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी आफ्नै घरमा मात्रै गर्न सक्ने, होटल, पार्टी प्यालेस वा मन्दिरमा गर्न नपाउने।
- मृतकको शव दाहसंस्कार गर्ने सम्बन्धमा कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिको हकमा सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम स्वास्थ्य सुरक्षाका विधि अवलम्बन गरी मृतकका आफन्त र सुरक्षाकर्मी सहित बढीमा १० जना उपस्थित भई व्यवस्थापन गर्ने तथा अन्य कारणले मृत्यु भएका व्यक्तिका हकमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी बढीमा १५ जनासम्म उपस्थित हुन सक्ने।
- मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिई बस्ने जस्ता कार्य गर्न नपाइने ।

(ग) पसल व्यवसाय सञ्चालन सम्बन्धमा

- सम्पूर्ण स्वास्थ्य संस्थाहरु, औषधी तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल र पेट्रोल पम्पहरु जुनसुकै समय निर्बाध सञ्चालन गर्न पाइने।
- दैनिक उपभोग्य वस्तु (खाद्य, तरकारी, दुध, माछामासु, ग्याँस) का पसल बिहान ६:०० बजेबाट १०:०० बजेसम्म मात्र सञ्चालन गर्ने।
- पुस्तक पसल, स्टेशनरी तथा छापाखानाहरु, कपडा पसल, फेन्सी, कस्मेटिक, भाँडा पसल, सुनचाँदी पसल, मोवाइल तथा कम्प्युटर पसल, फोटोकपी पसल र फोटो स्टुडियोहरु बिहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मात्र सञ्चालन गर्न सकिने।
- विकास निर्माणजन्य सामग्री(छड, सिमेन्ट, बिजुलीका सामान, स्यानीटरी, हार्डवयर)का पसल तथा फर्निचरका पसलहरु दिउँसो ३:०० बजेदेखि साँझ ७:०० बजेसम्म सञ्चालन गर्न सकिने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

- सवारी साधन मर्मत गर्ने वर्कशपहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गराई विहान ६:०० बजेदेखि साँझ ७:०० बजेसम्म सञ्चालन गर्ने।
- माथि उल्लेखित बाहेकका अन्य पसल होटल, रेष्टुरेन्ट, चियापसल, खाजाघर, शैलुन, ब्युटी पार्लर, जिमखाना जस्ता व्यवसाय हाल सञ्चालन नगर्ने ।
- उल्लेखित पसल व्यवसायहरु सञ्चालन गर्दा मास्क, स्यानीटाइजर, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्नुपर्ने ।

(घ) सवारी साधन सञ्चालन सम्बन्धमा

- जिल्लाभित्र तथा जिल्ला बाहिर सञ्चालन हुने सम्पूर्ण निजी तथा सार्वजनिक सवारी साधनहरु मिति २०७८।०३।१७ गते राती १२:०० बजेसम्म सञ्चालनमा रोक लगाउने ।
- एम्बुलेन्स (चालक, बिरामी र कुरुवा गरी बढीमा ३ जना मात्रै सवार हुने), शववाहन, दमकल, डाँक सेवा, निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु निर्बाध रुपमा सञ्चालन गर्न पाउने।
- औषधी तथा उपचारका सामग्री, खानेपानी, खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, कुखुरा तथा कुखुराका दाना, कृषि कार्यका लागि प्रयोग हुने बीउबिजन, मल, पुस्तक तथा पाठ्यसामग्री र निर्माण सामग्री बोकेका ढुवानीका साधनहरु एवं कृषि कार्यमा प्रयोग हुने साधनहरु सञ्चालन गर्न पाइने।उल्लेखित सबै ढुवानी साधनमा चालक र सहचालक गरी बढीमा २ जना मात्र सवार हुनुपर्ने तथा ढुवानीका साधनहरुले ढुवानीको विषय उल्लेख गरी ब्यानर राख्नुपर्ने।
- जनप्रतिनिधि, सरकारी तथा सार्वजनिक संस्थान अन्तर्गतका कार्यलयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारीले प्रयोग गर्ने सवारी साधनहरु सम्बन्धित कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा कार्यालय प्रयोजनका लागि मात्र सञ्चालन गर्न पाइने।
- विकास निर्माण तथा सो सम्बन्धी भुक्तानी प्रयोजनका लागि आवत जावत गर्ने कार्यका लागि सम्बन्धित स्थानीय तह तथा कार्यालयको अनुमति/सिफारिसका आधार सोही कार्यमा निश्चित समय मात्र प्रयोग गर्ने गरी जिल्ला भित्र सवारी साधन संचालन गर्न पाइने ।
- हवाइजहाजबाट यात्रा गर्न जानेका हकमा हवाईटिकट देखाई एयरपोर्टसम्म जान र फर्कन पाइने।
- सञ्चारकर्मीका हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न पाइने।

(ङ) कार्यालय, बैंक तथा वित्तीय सेवा, विद्यालय सञ्चालन सम्बन्धमा

- स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, सञ्चार, खानेपानी, हुलाक तथा डाँक सेवा लगायतका अत्यावश्यक सेवा नियमित रुपमा सञ्चालन गर्ने।
- अन्य सरकारी तथा सार्वजनिक सेवाका कार्यालयहरुमा सम्पूर्ण कर्मचारीहरु नियमित रुपमा उपस्थित भई आन्तरिक प्रशासनिक कार्य, विकास निर्माणका कार्य, खाद्य, कृषि एवं पशुपन्छीसम्बन्धी कार्य तथा सो सम्बन्धी भुक्तानीका कार्यहरु गर्ने। यी बाहेक अन्य नियमित सार्वजनिक सेवा हाल सञ्चालन नगर्ने।
- बैंक तथा वित्तीय संस्थाहरु स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण रुपमा पालना गरी दैनिक विहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म सञ्चालन गर्ने। गाउँगाउँमा गएर बचत संकलन तथा समूह बैठक जस्ता गतिविधिहरु सञ्चालन नगर्ने।
- शैक्षिक संस्था(विद्यालय, कलेज, टयुसन सेन्टर, तालिम केन्द्र)ले भौतिक उपस्थितिमा पठनपाठन तथा परीक्षाहरु संचालन गर्न नपाउने ।

(च) जिल्ला प्रशासन कार्यालयबाट सहजीकरण गरिने सवारी साधनहरु

- जिल्लाभित्रका लागि कुनै प्रकारका सवारी अनुमति जारी नगरिने र जिल्ला बाहिरका लागि विवाह, मृत्युसंस्कार र बिरामी प्रयोजनका लागि मात्र देहायबमोजिम सवारी अनुमति जारी गरिने:
  १. विवाह प्रयोजनका लागि जिल्ला बाहिर सवारी साधन प्रयोग गर्नुपर्दा सम्बन्धित स्थानीय वडाको सिफारिसमा चालक सहित बढीमा ७ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
  २. मृत्यु संस्कारका लागि जिल्ला बाहिर जान/फर्किन परेमा सम्बन्धित वडाको सिफारिसमा चालक सहित बढीमा ७ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
  ३. बिरामीले एम्बुलेन्स बाहेकका सवारी साधन प्रयोग गर्नुपरेमा अस्पतालको भर्ना, रिफर वा फलोअप सम्बन्धी कागजातका आधारमा चालकसहित बढीमा ३ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
- उल्लेखित सवारी अनुमतिका लागि ख नम्बरको बाहेक अन्य यातु बाहक सवारी साधन हुनुपर्नेछ।

३. जिल्लाका ग्रामीण क्षेत्रमा अझै पनि संक्रमणको दर उच्च नै रहेको हुँदा संक्रमितको Contact Tracing लाई प्रभावकारी बनाउँदै परीक्षणको दायरा बढाउन जिल्लास्थित स्थानीय तहहरुलाई अनुरोध गर्ने । यस कार्यको समन्वय, सहजीकरण तथा फलोअप स्वास्थ्य सेवा कार्यालयले गर्ने।

४. कोभिड-१९ को संक्रमण कायमै रहेको हुँदा तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरुलाई पूर्ण रुपमा पालना गर्न/ गराउन सबैमा अनुरोध गर्ने। स्वास्थ्य सुरक्षाका मापदण्ड पालनाका सम्बन्धमा नियमित रुपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी संघसंस्था, उद्योग व्यवसायी, सञ्चार क्षेत्र लगायत सबैमा अनुरोध गर्ने ।

५. कोभिड-१९ महामारीको यस विषयम परिस्थितिमा संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि अहोरात्र खटिने चिकित्सक लगायतका सम्पूर्ण स्वास्थ्यकर्मी प्रति उच्च सम्मान व्यक्त गर्दै थप उच्च मनोवलका साथ आफ्नो कर्तव्य निर्वाह गर्न अनुरोध गर्ने। यस कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी लगायत यस कार्यमा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै थप क्रियाशील भई लाग्न अनुरोध गर्ने। साथै स्थानीय प्रशासनद्वारा जारी आदेशको संयमतापूर्वक पालना गरी सहयोग पुऱ्याउने सम्पूर्ण पेशा व्यवसायी, जिल्लाबासी आम नागरिक लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत आदेश कार्यान्वयनमा सहयोग पुर्याउन अनुरोध गर्ने।